आज मिति २०७७ साल भाद्र ८ गते सोमबारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| ब.आ.ले.प.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: कोभिड-१९ को रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धमा ।
प्रस्ताव नं.२: लकडाउन सम्बन्धमा ।
प्रस्ताव नं.३: घरवार बिहिनहरुको विवरण पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.४: योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.५: वधस्थलको अधुरो कार्य सम्पन्न गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: प्राविधिक मूल्याङ्कनको आधारमा रकम भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.८: बुद्धसिं मार्गमा भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: कोभिड कोषबाट भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.११: ल्याव असिष्टेन्ट नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.१२: उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं १३: NSET Nepal सँग साझेदारीमा कार्यक्रम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: कृयापुत्री भवन निर्माण सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१५: शिक्षक तलब भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१६: बाढी पहिरोबाट क्षति भएको बाटो मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.१७: सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: भवन मर्मत एवं संरक्षण सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) को रोकथाम नियन्त्रण तथा उपचारका लागि यस नगरपालिकाद्वारा हालसम्म गरिएको प्रगति विवरण उपर समिक्षा गरियो । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण समुदाय स्तरमा समेत फैलिन सक्ने भएको हुँदा त्यसतर्फ अत्यन्तै सजग र सचेत भई आत्मविश्वासका साथ अगाडि बढ्न सम्पूर्ण स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीलाई अनुरोध गर्ने साथै क्वारेन्टिनको वैकल्पिक व्यवस्थाका लागि नगर क्षेत्रभित्रका सामुदायिक भवनहरुलाई सम्बन्धित पक्षसँगको समन्वय र सहयोगमा उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हाल यस नगरपालिका क्षेत्रमा पनि समुदाय स्तरमा देखिन थालेको परिप्रेक्ष्यमा सोको रोकथाम, नियन्त्रण तथा उपचारको प्रभावकारी कार्यान्वयन तथा उच्च जोखिम रहेको क्षेत्रमा PCR परिक्षणको दायरा बढाउने उद्देश्यका साथ मिति २०७७/५/१ गते दिनको १२:०० बजेदेखि २०७७/५/७ गतेसम्म जारी गरिएको प्रथम चरणको लकडाउन र मिति २०७७/५/८ गतेदेखि मिति २०७७/५/१२ गतेसम्म जारी गरिएको दोस्रो चरणको लकडाउनलाई समर्थन गर्दै यस कार्यमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण सरकारी कार्यालयहरु, टोल विकास संस्थाहरु लगायत अन्य सम्बद्ध संघ संस्था तथा नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाको समन्वयमा टोल विकास संस्था, शिक्षक, स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरी हरेक टोलमा कोरोना रोकथामका लागि सावधानी, सचेतनाका कार्यहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा हालै आएको बाढी पहिरोका कारण हुन गएको विपद् व्यवस्थापनका लागि आपतकालिन अवस्थामा यस नगरपालिकाबाट उपलब्ध गराइएको राहत र उद्दारमा हालसम्म भए गरेका सम्पूर्ण प्रयासहरुका सम्बन्धमा सम्बन्धित शाखाबाट प्राप्त प्रगति विवरण उपर समिक्षा गरियो । साथै बाढी पहिरोमा परी पूर्ण रुपमा घर क्षति भई घरवार बिहिन भएका घरपरिवारहरुको लागि घर निर्माण गरिदिन जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउन नगर विपद व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७७/०७८ को लागि तेत्तीसौं नगर सभाबाट पारित वडास्तरीय तथा नगरस्तरीय योजना कार्यान्वयन प्रक्रिया तत्कालै अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । यस कार्यमा वडास्तरीय योजनाहरु वडा प्राविधिकबाट र नगर स्तरीय योजनाहरु शहरी पूर्वाधार तथा प्राविधिक शाखाबाट ल.ई. गराई काम अघि बढाउने समेत निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नरपालिका वडा नं.३ अन्तर्गत देउराली नगरमा निर्माणाधीन अवस्थामा रहेको पशु वधस्थलको अधुरो कार्य सम्पन्न गर्न प्राविधिकबाट तयार पारिएको रू.२३,८१,९९६।५० को लागत अनुमान स्वीकृत गरी सरसफाई तथा वातावरण अन्तर्गत रु.१०,००,०००। र विविध योजनाबाट बाँकी खर्च लेख्ने गरी उल्लेखित कार्य उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गरी सम्पन्न गराई यथाशक्य चाँडो पशु वधस्थल सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोर मैलाको व्यवस्थित रुपमा बिर्सजन गर्ने कार्यका लागि अत्यावश्यक रुपमा रहेको अत्याधुनिक फोहोरमैला प्रशोधन केन्द्र (स्यानिटरी ल्याण्डफिल्ड साइड) निर्माणको लागि वैकल्पिक स्थानको रुपमा, हाल भौगोलिक एवं अन्य हिसाबले सम्भाव्य देखिएको व्यास न.पा. वडा नं.४ र वडा नं.१० को सिमानामा पर्ने सामुदायिक वन क्षेत्रमा रहेको स्थानको प्रारम्भिक वतावरणीय परीक्षण/अध्ययन (IEE) गर्ने कार्यका लागि परामर्शदाता नियुक्त गर्न नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै यस भन्दा अगाडि IEE भइसकेको वडा नं.५ को टेकन थुम्की सामुदायिक वन क्षेत्रको स्थानलाई उपयोगमा गर्ने गरी फोहोर मैला प्रशोधन केन्द्र सञ्चालनमा ल्याउन स्थानीय सरोकारवालासँग समन्वय गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा २०७७ आषाढ महिनाको अन्तिम साता तथा श्रावण महिनाको पहिलो र दोस्रो सातामा आएको अविरल वर्षाको कारण यस नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा घर जग्गामा समेत क्षति हुनुको साथै खेत, बाटो, खानेपानी, विजुली, सिंचाई जस्ता क्षेत्रमा व्यापक क्षति हुन गएकोले उक्त स्थानको तत्काल संरक्षण गरी जनजीवन सहज बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिमका सम्पूर्ण खरिद प्रक्रियाहरु अवलम्बन गर्न सक्ने अवस्था नरहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा तत्काल खरिद/निर्माण कार्य नगर्दा सार्वजनिक सुरक्षा, हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकटलाई मध्यनजर गरी वडा विपद् व्यवस्थापन अर्न्तगत वडा कार्यालयहरुबाट भएका खर्च रकमहरुलाई प्राविधिक मूल्यांकनको आधारमा अनुगमन गरी सम्बन्धित पाटीलाई नै सोझै भुक्तानी गर्ने र सो सम्भव नरहेका वडाहरुमा वडा सचिवलाई जिम्मेवार बनाई सम्बन्धित वडाका सचिवहरु मार्फत भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ स्थित बुद्धसिंह मार्ग अर्न्तगत छेडुवा पहरा भन्ने स्थानमा मिति २०७७।३।२९ गते र मिति २०७७।४।५ गते परेको अविरल वर्षाको कारण पहिरो जानुको साथै जमिन समेत भासिन गई वडा नं.१३ र १४ जाने सम्पूर्ण यातायात सेवाहरु अवरुद्ध रहेको र बिरामीहरुलाई अस्पतालसम्म ल्याउनको लागि एम्बुलेन्स समेत जान सक्ने अवस्था नरहेको, साथै वैकल्पिक मार्गको समेत व्यवस्था नभएको अवस्थामा उक्त बाटो तत्काल सूचारु गर्न वडा प्राविधिक श्री हरिप्रसाद तिवारी मार्फत कार्य अगाडि बढाइएको हुँदा उक्त खरिद प्रक्रियालाई अनुमोदन गरी प्राविधिक मूल्यांकन अनुसार खर्च हुन गएको रकम (कन्टिजेन्सी समेत) रु.३,३०,८५१। नगरस्तरीय आकस्मिक (विपद्) कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित कृषि विकास बैंकको भवनमा तयार भएको आइसोलेसनको लागि यस अगाडिको बैठकबाट रु.१,७४,६२०। मात्र निर्णय भएकोमा थप तीन वटा शौचालय निर्माण/मर्मत, खानेपानी ट्यांकी खरिद लगायतका विभिन्न कार्यहरु थप गर्नुपर्ने भएको हुँदा थप समेतको कुल लागत अनुमान रु.३,६४,५१६। स्वीकृत गरी अपुग रकम रु.१,८९,८९६। कोभिड कोषबाट खर्च हुने गरी थप गर्ने र अमानतबाट निर्माण प्रक्रिया अगाडि बढाइएकोमा

उक्त प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त रकम र आइसोलेसन व्यवस्थापनको लागि खर्च हुन गएको कुल रकम एकमुष्ट सोधभर्ना पाउनका लागि DCMC तनहुँ मार्फत गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाण्डौंद्वारा मिति २०७७/५/२ गते प्रकाशित "प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना कार्यक्रमहरु प्रस्ताव आव्हान" सम्बन्धी सूचना अनुसार केन्द्र सरकारको साझेदारीको नीति बमोजिम यस नगरपालिकाको देहाय बमोजिमको आयोजनाहरु कार्यान्वयन गर्ने गरी प्राथमिकता समेत निर्धारण गरी सूचनामा उल्लेखित "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७" को निर्देशिका अनुसार हुने गरी आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | व्यास पराशर क्षेत्र १०८ फिट मूर्ति निर्माण (DPR) समेत | व्यास ३ | |
| २. | नारेश्वर ताल निर्माण | व्यास १० | |
| ३. | शहिद शान्ति कालिका जंगल पार्क | व्यास ४ | |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) समुदायस्तरमा संक्रमण फैलिन गएको परिप्रेक्ष्यमा सोको रोकथाम, नियन्त्रण तथा उपचार अभियानलाई अझै प्रभावकारी गराउन PCR परिक्षणको लागि स्वाव संकलन कार्यमा दक्षता भएका मौजुदा जनशक्ति नपुग हुन गएको हुँदा कोरोना नियन्त्रण कोषबाट पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराउने गरी १ (एक) जना ल्याव असिष्टेन्ट सेवा करारमा नियुक्ति गर्ने र सोको लागि देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

१. उप-सचिव श्री नगेन्द्र प्रसाद रेग्मी – संयोजक
२. जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती – सदस्य
३. शाखा अधिकृत श्री मेघनाथ आचार्य – सदस्य-सचिव

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यपालिका सदस्य एवं वडा नं.११ का वडाध्यक्ष श्री निरबहादुर खड्का स्कवटाइफस नामक रोगबाट ग्रसित भई काठमाण्डौंको मेट्रोसिटी हस्पिटलमा भर्ना भई उपचारपछि फर्किनु भएकोमा उहाँको पूर्ण स्वास्थ्य लाभको कामना गर्दै निरबहादुर खड्कालाई रु.५०,०००। (पचास हजार) उपचार खर्च वापत आर्थिक सहायता शीर्षकउपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शहरी पूर्वाधार विकास तथा विपद् जोखिम व्यावस्थापनको क्षेत्रमा एउटा साझेदार संस्थाको रुपमा रहेको भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल (NSET) ले विगत डेढ दशक अगाडि देखि नै उपलब्ध गराउँदै आएको आर्थिक तथा प्राविधिक सहयोगका लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सो संस्थासँग विभिन्न कार्यक्रममा सहकार्यका लागि पुन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ मोहोरियाटार टोल विकास संस्था अन्तर्गत निर्माणाधीन कृयापुत्री भवनमा आर्थिक सहयोगको माग भई आएकोले अन्य विविध योजना अन्तर्गत रु.१,००,०००। (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ स्थित बसाहास्थानमा अध्यापनरत नि.मा.वि. गणित शिक्षक श्री जमुना ढुंगाना सापकोटालाई लकडाउन अवधि अगाडिको भुक्तानी गर्न बाँकी रहेको रकम रु.५६,०००। (छपन्न हजार) चालु विविध फुटकर खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ माझफाँट स्थित कुसुमे क्षेत्रमा विपदबाट पहिरो गई उद्दार कार्यमा जाँदा आउँदा बिग्रिएको बाटो मर्मत/निर्माणमा ल.ई. अनुसार रु.९५,०००। आकस्मिक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ निवासी गितकार श्री अमरराज नहर्कीद्वारा रचना गरी छायांकन गरिएको सन्देशमूलक गित "बिरानो देश" नामक गितको छायांकनको लागि रु.२०,०००। (बीस हजार) गितकारलाई कला संस्कृति जगेर्ना शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ स्थित छाब्दी अद्वैत संस्था भवन मर्मत एवं संरक्षणका लागि रु.१,००,०००। (एक लाख) फुटकर शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।